# प्रेस चौतारी नेपाल

# PRESS CHAUTARI NEPAL

**प्रिय कमरेड,**

**बिषय : परिपत्र ।**

हाम्रो गौरवशाली संगठन प्रेस चौतारी नेपालको केन्द्रीय कमिटीको छैटौं बैठक २०७८ पुस १२ र १३ लुम्बिनीमा सम्पन्न भएको छ । संगठनका अध्यक्ष क.गणेश वस्नेतको अध्यक्षतामा बसेको बैठकको प्रमुख अतिथि संगठनका इञ्चार्ज, हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले) का उपमहासचिव एवं प्रचार तथा प्रकाशन विभाग प्रमुख कमरेड पृथ्वी सुब्बा गुरुङ हुनुहुन्थ्यो ।

बैठकमा पार्टी सचिव छविलाल बिश्वकर्मा, स्थायी कमिटी सदस्य तथा जनसंगठन समन्वय संयन्त्र प्रमुख क.भानुभक्त ढकाल, विभागका उपप्रमुख एवं हाम्रो गौरवशाली संगठनका सहइञ्चार्ज क. विष्णु रिजाल, निवर्तमान इञ्चार्ज क. सूर्य थापा, पोलिटव्युरो सदस्य क.खिमलाल भट्टराई, पूर्वअध्यक्षद्धय क. गगन विष्ट, क. राजेन्द्र अर्याल, पूर्वबरिष्ठ उपाध्यक्ष श्रीधर आचार्य र पूर्व महासचिव क.प्रमोद दाहाललगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

संगठनको आन्तरिक जीवनमा यो बैठकले नयाँ उत्साह, उर्जा र उमङ्ग पैदा गरेको छ । नयाँ एकता र प्रतिबद्धतासहित सम्पन्न बैठकले निम्नानुसारको महत्वपूर्ण निर्णय गरेको छ । बैठकका निर्णयहरु आफ्नो कमिटीमा कार्यान्वयनका लागि यो सर्कुलर जारी गरिएको छ ।

१) बैठकको आरम्भमा मुलुकमा लोकतन्त्र, गणतन्त्र, जनअधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रता र पूर्ण प्रेस स्वतन्त्रताको लडाईंमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान् शहीदहरुको सम्झनामा एक मिनेट मौनधारण गरियो । हाम्रो गौरवमयी संगठन र आन्दोलनलाई यो उचाईमाल्याई पुऱ्याउन योगदान गर्नु हुने स्व. अग्निशिखालगायत सबै अग्रजहरुप्रति श्रद्धाञ्जली अर्पण गरियो ।

२) बैठकको सुरुमा अध्यक्ष क.गणेश वस्नेतले एजेन्डा प्रस्तुत गर्नुभयो । महासचिव क. राजेश राईले प्रस्तुत गर्नुभएको सांगठानिक प्रतिवेदन र क. इन्द्र आचार्यले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन बैठकले सुझावसहित सर्वसम्मत रुपमा पारित गऱ्यो ।

३) बैठकले संगठनको जिल्ला र प्रदेश सम्मेलन निम्न मिति र स्थानमा गर्ने निर्णय गरेको छ । अधिवेशनअघि साधारण सदस्यको सूची केन्द्रीय कार्यालयमा पठाएर अध्यक्षबाट अनिवार्य रुपमा प्रमाणिकरण गर्नुपर्नेछ । सदस्यको सूचीसँगै नविकरण शुल्क पाँच बर्षको प्रतिसदस्य १ हजारका दरले हुने सदस्यता शुल्कको ५० प्रतितश अर्थात ५ सय रुपैयाँ र नयाँ सदस्यको १ सय रुपैयाका दरले प्रेस चौतारी नेपाल केन्द्रीय कार्यालयको नाममा खोलिएको बैंक खातामा जम्मा गरी भौचरसमेत सदस्यको सूचीसँगै इमेलमा पठाउनु पर्नेछ ।
तपशील :

- जिल्ला अधिवेशन : २०७८ पुस २८ गते ।
- प्रदेश अधिवेशन : २०७८ माघ २ देखि माघ ६ गते ।
- प्रदेश १ : माघ २ गते ।
- प्रदेश २ :
- बागमती, उपत्यका, प्रतिष्ठान एशोसियट प्रदेश : माघ
- गण्डकी प्रदेश :
- लुम्बिनी प्रदेश : माघ ४ गते दाङ ।
- कर्णाली प्रदेश : माघ ६ गते सुर्खेत ।
- सुदूरपश्चिम प्रदेश : माघ ५ गते धनगढी ।

४) बैठकले संगठनको नवौं राष्ट्रिय अधिवेशन२०७७ (फागुन, १०-१२) पोखरामा आयोजना गर्ने निर्णय गऱ्यो । नवौं राष्ट्रिय अधिवेशन सम्पन्न गर्नका लागि निम्नअनुसारको समितिहरुको गठन समेत गरेको छ ।

**क. राष्ट्रिय महाधिवेशन मुल व्यवस्थापन समिति**

संयोजक : गणेश पाण्डे, उपाध्यक्ष गण्डकी ।

सहसंयोजक : रामकृष्ण शर्मा, इञ्चार्ज, गण्डकी ।

सचिव तथा आर्थिक उपसमिति प्रमुख : रामकृष्ण ज्ञवाली

सदस्यहरु, गण्डकी प्रदेश कमिटी अध्यक्षसहित पदाधिकारी, गण्डकी प्रदेशका केन्द्रीय सदस्य, आयोग सदस्य, जिल्ला समिति कास्कीका अध्यक्षसहित सो शाखाका पूर्वअध्यक्षहरु र सवै प्रदेशका अध्यक्षहरु ।

**ख. आर्थिक समिति**

संयोजक : इन्द्र आचार्य

सदस्य : रामकृष्ण शर्मा, बिष्णु अवस्थी, रामकृष्ण ज्ञवाली, रोशन खडका, सुष्मा पौडेल, प्रदीप आचार्य, नवराज कुँवर, रुद्र सुवेदी, शोभाखर पन्थी, रामहरि सिलवाल, सोमनाथ बाँस्तोला, हरिबल्लभ नेपाल, लोग्शरी कुँवर, गणेश पोखरेल, फणि महत, राजेश शर्मा, बिष्णु तारुके, नरेश भण्डारी, अबिजाल बिष्ट, भूपेन्द्र आचार्य, शरद सापकोटा, बशन्त रुपाखेती, सञ्चिता घिमिरे, बिनोद चौलागाईं, केसी लामिछाने, अच्यूत पौडेल, दिनेश थापा, कमल उपाध्याय, हेमराज सिलवाल, बिष्णु आचार्य, मोहराज शर्मा, राजु सुवेदी, श्रीहरि थापा, राजु लामा, श्याम बन्जरा

**ग. प्रतिनिधि कार्ड ब्यवस्थापन समिति**

संयोजक : हिरामान लामा

सदस्य : माधवप्रसाद तिवारी, मोहन बाँस्तोला, चेतन अधिकारी, नवराज महतारा, दिपु पोखरेल, रुपेश आचार्य, पुष्कर बस्नेत, बशन्त रुपाखेती र कास्की शाखाबाट तोकिएका प्रतिनिधि ।

**घ. स्मारिका प्रकाशन समिति**

संयोजक : राजेश राई

सदस्य : शुरोजंग पाण्डे, प्रकाश सिलवाल, माधवप्रसाद तिवारी हरि पोखरेल, प्रतिमा सिलवाल

**ङ. निर्वाचन समिति**

संयोजक : रघु मैनाली

सदस्यहरु : डिल्ली बिसी, शान्ति गुरुङ, सिद्धराज राई, अधिवक्ता प्रबिण प्रधान

**च. पुरस्कार छनोट सिफारिश समिति**

संयोजक : श्रीधर आचार्य

सदस्य : लीलाराज भट्टराई, लालबाबु शेख, सविन प्रियाशन चौधरी, देविका जिएम

**छ. विधान संशोधन समिति :**

संयोजक : टिका विष्ट
सदस्य : भरत केसी, सुमित्रा कोइराला, हरिबल्लभ नेपाल, मोहन बाँस्तोला

५) बैठकले प्रदेश अधिवेशन र राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि छनोटको निम्नअनुसारको मापदण्ड तय गरेको छ ।

**(क) प्रदेश अधिवेशन :**

- पुरुषको हकमा २० सदस्य बराबर एक प्रतिनिधि
- महिलाको हकमा १० सदस्य बराबर एक प्रतिनिधि
- १ जना महिला सदस्य भएको अवस्थामा पनि १ महिला प्रतिनिधि अनिवार्य गर्ने, ५ प्रतिनिधि चयन भएको अवस्थामा २ जना महिला अनिवार्य गर्ने ।

**ख) राष्ट्रिय महाधिवेशन :**

- पुरुषको हकमा ३० सदस्य बराबर एक प्रतिनिधि
- महिलाको हकमा १५ सदस्य बराबर एक प्रतिनिधि
- १ जना महिला सदस्य भएको अवस्थामा पनि १ महिला प्रतिनिधि अनिवार्य गर्ने, ५ प्रतिनिधि चयन भएको अवस्थामा २ जना महिला अनिवार्य गर्ने ।

**ग. महाधिवेशन अनुगमन समिति**

संयोजक : माधव नेपाल, बरिष्ठ उपाध्यक्ष

**घ. आर्थिक उपसमिति**
संयोजक : रामकृष्ण ज्ञवाली
सदस्य : सयोजकको सिफारिशमा अध्यक्षले मनोनीत गर्ने ।
महाधिवेशन सम्पन्न गर्न आयोजक समितिको नाममा कास्कीमा बैंक खाता खोल्ने । सो खाता सञ्चालन अध्यक्ष गणेश बस्नेत, कोषाध्यक्ष इन्द्र आचार्य र आर्थिक उपसमितिका प्रमुख रामकृष्ण ज्ञवालीको संयुक्त हस्ताक्षर रहने गरी खाता खोल्ने । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य गरी अध्यक्ष र उपसमिति प्रमुखको हस्ताक्षरमध्ये एक जनाको हुने ।

६) बैठकले राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरुको लागि निम्नाअनुसारको शुल्क निर्धारण गरेको छ :

(क) आयोजक कमिटिका सदस्यहरु : ५,०००/-
(ख) सदस्य संख्याको आधारमा छनोट भएका प्रतिनिधि : १,०००/-

तोकिएको शुल्क आयोजक समितिका सदस्यहरुले पुस मसान्तभित्र प्रेस चौतारी नेपालको बैंक खातामा जम्मा गरी भौचर र आफ्नो एक प्रति फोटो केन्द्रीय कार्यालय र प्रतिनिधि कार्ड व्यवस्थापन समितिमा पठाउनु पर्नेछ ।
बैंक खाता बिवरण यसप्रकार छ :

नेपाल इनभेष्टमेन्ट बैंक, पुतली सडक शाखा
प्रेस चौतारी नेपाल
खाता नं : ०१२०५०३०१३२६९९
इमेल : presschautarinepal2055@gmail.com

जिल्ला र प्रदेश अधिवेशनमा तोकिएको भूगोलबाट निर्वाचित पदाधिकारी अन्य प्रदेशमा अतिथिका रुपमा आमन्त्रण नगर्ने । प्रमुख अतिथि अध्यक्षसँगको समन्वयमा तय गर्ने ।

प्रदेश र जिल्ला समितिले बैंक खाता सञ्चालनका लागि आवश्यक कागजात र प्रक्रियाका लागि कोषाध्यक्ष इन्द्र आचार्यलाई सम्पर्क गर्ने । सम्पर्क नम्बर : ९८५१०९७६९४ ।

हार्दिक अभिवादनसहित ।

Ganesh

गणेश बस्नेत
अध्यक्ष

मिति : २०७८ पुस १६